नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने काठमाडौं महानगरपालिका वडा नं. १ स्थित युनिक वाइड ईन्टरनेश्नल प्रा.लि. (स्थायी लेखा नम्बर ६००५७७८२५) र न्यू युनिक इन्टरनेशनल (स्थायी लेखा नम्बर ३००८४२२२३) का संचालक/प्रोप्राईटर समेतले रु. ३७,८०,२८,७००। (अक्षेरुपी सैतीस करोड साठी लाख अठ्ठाइस हजार सात सय रुपैया मात्र) बिगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०३-२९ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**युनिक वाइड ईन्टरनेशनल प्रा.लि. (स्थायी लेखा नम्बर ६००५७७८२५) र न्यू युनिक इन्टरनेशनल (स्थायी लेखा नम्बर ३००८४२२२३)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी युनिक वाइड ईन्टरनेश्नल प्रा.लि. (स्था. लेखा नं. ६००५७७८२५) तथा न्यू युनिक इन्टरनेशनल (स्था. लेखा नं. ३००८४२२२३) ले मु.अ.कर तर्फ रु. १२,४२,२८,६१७।-, आयकर तर्फ रु. २२,८०,५९,३०९।- र लाभांश कर तर्फ रु. २,५७,४०,७७३।- राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा बिगो रु. ३७,८०,२८,७००।- (अक्षेरुपी सैतीस करोड साठी लाख अठ्ठाइस हजार सात सय रुपैया मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले युनिक वाइड ईन्टरनेश्नल प्रा.लि., न्यू युनिक इन्टरनेशनलका संचालक/प्रोप्राईटर एवं झुट्टा तथा नक्कली वील विजक उपलब्ध गराउने व्यक्ति भुवन पाण्डेलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ३७,८०,२८,७००।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-०३-२९ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**